नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.......................................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०७७/७८
चलनी नं.:- १२२६

मिति: २०७८/०३/२७

विषयः- विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र नवीकरणको धरौटी रकम जम्मा गर्ने बारे।

श्री सुपर घलेम्दी हाइड्रोपावर प्रा.लि.,
धोबीघाट, ललितपुर, नेपाल।
फोन नं: ०१-५५२०४६५, ९८४१६१८०७३।

उपर्युक्त सन्दर्भमा, तहाँबाट प्रस्तावित सुपर घलेम्दी जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र मिति २०७८/०१/२८ सम्म नवीकरण हुनका लागि तहाँबाट दरखास्त पेश भएकोमा उक्त कार्यका लागि अपुग देखिएका कागजात मिति २०७८/०१/०८ गतेको विभागीय निर्णयानुसार माग भइ तहाँबाट मिति २०७८/०१/१९ मा पेश भएतापनि उक्त थप कागजातका साथमा यस अघि माग भएको मिति २०७९/०१/२८ सम्म अनुमतिपत्र नवीकरणका लागि आवश्यक दस्तुर पेश भएको नदेखिएको र कोभिड-१९को कारण विद्युत आयोजनाहरुमा परेको असर न्यूनीकरण र पुनरुत्थानका लागि ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय (मा. मन्त्रीस्तर)को मिति २०७८/०३/०८ को निर्णयानुसार मिति २०७८ आषाड मसान्तसम्म सर्वेक्षण अनुमतिपत्रको नवीकरणका लागि दरखास्त दिन मिल्ने गरी निर्णय भए अनुसार प्रस्तुत आयोजनाले समेत सो सुविधा प्राप्त गर्ने देखिएकाले समयमानै अनुमतिपत्र दस्तुर दाखिला गर्नुहुन मिति २०७८/०३/२७ गतेको विभागीय निर्णयानुसार अनुरोध छ। साथै प्रस्तुत आयोजनाको मिति २०७८/०१/२८ सम्मका लागि सर्वेक्षण अनुमतिपत्र नवीकरण सम्बन्धि कार्य हाल प्रक्रियामानै रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

(प्रवीण आचार्य)
इन्जिनियर

बोधार्थ:
श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।